# स्थानीय तहको योजना तथा बजेट तर्जूमा पद्धति, चरण, लैङ्गिक उत्तरदायी बजेट र लैससास मूलप्रवाहीकरण

## योजना के हो ?

- कुनै निश्चित उद्देश्य हासिल गर्नका लागि के, कस्ता काम कसरी गर्दा चाहे अनुसारको लक्ष्य हासिल गर्न सकिएला भन्ने सोँच र सोको खाका तयार गर्ने कार्य ।
- कुनै पनि काम व्यवस्थित रूपमा दिइएको मापदण्ड, उपलब्ध स्रोतसाधन अनुसार र दिएको समय सीमाभित्र सम्पन्न गर्न चाहिने वा अपनाइने विधि तथा प्रक्रियालाई योजना भनिन्छ । तर हामी समुदायले माग गर्ने सानातिना पटके काम तथा त्यसको लागि चाहिने बजेट प्रवन्ध गर्ने कार्यक्रमलाई पनि योजना भन्दछौं, जुन गलत हो ।
- योजना भन्नाले रणनीतिक, आवधिक र वार्षिक रूपमा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन हुन्छ भने त्यो योजनालाई प्राप्त गर्ने माध्यम नै कार्यक्रम वा परियोजना हो ।
- उपलब्ध साधन स्रोतको प्रभावकारी उपयोगद्वारा तोकिएको निश्चित समयभित्र निर्धारित उद्देश्य हासिल गर्ने एउटा अनुशासित कार्यपद्धतिलाई योजना भनिन्छ ।
- विकास योजना भन्नाले समग्र आर्थिक तथा सामाजिक उद्देश्य पूरा गर्न निश्चित अवधिभित्र हासिल गर्न लिइने लक्ष्य, नीति, रणनीति, कार्यक्रम र त्यस्ता कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि चाहिने स्रोतसाधनको व्यवस्था र सोबाट प्राप्त हुने नतिजासहितको दस्तावेजलाई जनाउँछ ।
- मूलतः योजना तर्जूमा विकास क्रियाकलापहरूका सिलसिलामा अपनाइने अपरिहार्य प्रक्रिया हो जहाँ योजना, आवश्यक स्रोत, समय र विधि वा तौर-तरिकाहरूको वर्णन गरिएको हुन्छ। यो स्थानीय तहका जनप्रतिनिधिहरूको एउटा महत्वपूर्ण कार्य हो । किनकी योजना तर्जूमाबाट नै स्थानीय तहको स्रोतसाधनको बाँडफाँड तथा प्रयोग कसरी गर्नुपर्छ भन्ने निर्णय हुन्छ। योजना तर्जूमाको माध्यमबाट नै स्थानीय तहले रकम विनियोजन र सोको उपयोग बारेको योजना तयार गर्दछ ।

## स्थानीय तहमा योजना किन आवश्यक छ ?

स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयहरूमा स्थानीय स्तरको दिगो विकास एवं समृद्धिको लागि योजनाबद्ध रूपमा आवधिक, वार्षिक, रणनीतिक, विषय क्षेत्रगत, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना बनाई सहभागितामूलक एवं दिगो रूपमा कार्यान्वयन गरी तल्लो तह र तप्काका जनताको लागि सरल, दिगो एवं प्रभावकारी सेवा तथा सुविधा पुऱ्याउन ।

## सहभागितामूलक योजना तर्जूमा भनेको के हो ?

- स्थानीय तहले आफ्नो क्षेत्रमा योजना तथा कार्यक्रम तर्जूमा गर्दा, जसका लागि ती योजना तथा कार्यक्रमहरू संचालन गर्न खोजिएको हो, उनीहरूको व्यापक र अर्थपूर्ण सहभागिता तथा समावेशी प्रक्रिया अवलम्बन गरी गरिने कार्य ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार स्थानीय सरकारले योजना तर्जूमा तथा कार्यक्रम कार्यान्वयन गर्दा महिला, बालबालिका, दलित, युवा, आदिवासी जनजाति, अल्पसंख्यक, अपाङ्गता

भएका व्यक्ति, जेष्ठ नागरिक, विषयविज्ञ, स्थानीय बुद्धिजीवी, सीमान्तकृत एवं लोपोन्मुख समुदाय आदि लगायतका सरोकारवालाहरूको बढीभन्दा बढी सहभागिता गराउनु पर्दछ ।

- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (परिमार्जित) ले प्रत्येक स्थानीय तहले आगामी आर्थिक वर्षका लागि वार्षिक बजेट तथा कार्यक्रम कुनै सम्बन्धित कानूनमा मिति तोकिएको भएमा सोही मितिमा र अन्य अवस्थामा आर्थिक वर्ष शुरू हुनुभन्दा अगावै तर्जूमा गरी सभाबाट स्वीकृत गर्नुपर्ने व्यवस्था गरेको छ ।
- यसरी योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासंग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई पनि ध्यान दिनुपर्ने कुरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्पष्ट रूपमा उल्लेख गरेको छ ।
- आदिवासीसंग सरोकार राख्ने नीति तथा कार्यक्रमहरुमा आदिवासीहरु स्वतन्त्र रुपमा उनीहरुको परम्परागत तथा प्रतिनिधिमूलक संस्थाहरुबाट अर्थपूर्ण सहभागिता हुनुपर्ने भन्ने व्यवस्था आई.एल.ओ. महासन्धि नं. १६९ को धारा ६(ख) मा रहेको छ ।
- यस महासन्धिले औपचारिक र परामर्शको व्यवस्था पनि गरेको छ। यस्ता परामर्शहरु असल नियतले अभ्यास गर्नुपर्ने तथा सरकार र आदिवासीबीच सही संवाद हुनुपर्ने उल्लेख गरेको छ।
- त्यस्तै आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ मा आत्मनिर्णयको अधिकार, सहभागी बन्न पाउने अधिकार, सक्रिय रुपमा संलग्न हुनपाउने अधिकार, सरोकारवालालाई आदिवासीबाट स्वतन्त्र, पूर्व सुसूचित सहमति लिनु पर्ने र आदिवासीसंग परमर्श लिने र सहयोग गर्ने कर्तव्यको व्यवस्था गरेको छ ।
- यस घोषणापत्रले आदिवासीको स्व-निर्णित विकास योजना हुने र सो आफैं निर्माण गरी आफैं कार्यान्वयन गर्ने उल्लेख रहेको छ ।

## स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जूमा गर्दा के-के विषयलाई प्राथमिकता दिनु पर्दछ ?

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोतसाधन र शीपको अधिकतम प्रयोग हुने,
- महिला, बालबालिका तथा पीछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्‍याउने,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरू,
- आदिवासी जनजातिका परम्परागत संस्था तथा प्रतिनिधिमूलक संस्थाको आदिवासी विकास योजनाहरु,
- आदिवासी जनजाति लक्षित कार्यक्रमहरु ।

## स्थानीय तहले वार्षिक विकास योजना तर्जूमा गर्दा के-के विषयलाई ध्यान दिनु पर्दछ ?

- संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासंग अनुकूल हुने,
- आवधिक विकास योजना र मध्यकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरू,
- वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन,
- सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित विषयहरू,
- समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरू,
- अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरू,
- विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरू,
- आदिवासीका परम्परागत तथा प्रतिनिधिमूलक संस्थाको प्रतिनिधिहरुको सहभागिता र उनीहरुको आदिवासी-विकास योजना ।

## स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जूमा र कार्यान्वयन गर्दा के-के विषयहरूलाई आधार मान्नु पर्दछ ?

- नेपालको संविधान, २०७२,
- आई.एल.ओ. महासन्धि नं. १६९ तथा आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरू,
- स्थानीय तहमा बजेट तर्जूमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४,
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यकालीन खर्च संरचना,
- स्थानीय तहमा उपलब्ध स्रोतसाधन,
- विकासका अन्तरसम्बन्धित विषयहरू,
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरू, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरू आदि ।

## स्थानीय तहको योजना तथा बजेट तर्जूमाका चरणहरू र समयसीमा:

| चरणहरु | समयसीमा |
|---|---|
| चरण १ : बजेटको पूर्व तयारी | |
| ● आय व्यायको प्रक्षेपण गरिएको तथ्यांकसहितको विवरण संघीय सरकारमा पेश गर्ने | पौष मसान्तभित्र |
| ● संघ र प्रदेश सरकारबाट बजेट सीमा प्राप्त गर्ने | चैत्र मसान्तभित्र |
| चरण २ : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | बैशाख १० गतेभित्र |
| चरण ३ : वस्ती तहको योजना छनौट | बैशाख मसान्तभित्र |
| चरण ४ : वडा तहको योजना छनौट र प्राथमिकीकरण | जेठ १५ गतेभित्र |
| चरण ५ : बजेट तथा कार्यक्रम तर्जूमा | असार ५ गतेभित्र |
| चरण ६ : गाउँ/नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति | असार १० गतेभित्र |
| चरण ७ : गाउँ/नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति | |
| ● बजेट तथा कार्यक्रम प्रस्तुती | असार १० गतेभित्र |
| ● बजेट तथा कार्यक्रम स्वीकृति | असार मसान्तभित्र |

## स्थानीय तहले योजना तथा बजेट तर्जूमा गर्दा कुन-कुन प्रकृया वा चरणहरू पूरा गर्नु पर्दछ ?

## १.बजेटको पूर्व तयारी

### १.१ आय-व्ययको प्रक्षेपण विवरण संघीय सरकारमा पेश गर्ने :

स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण राजस्व परामर्श समिति र बजेट तथा स्रोत अनुमान समितिको सिफारिशमा कार्यपालिकाबाट निर्णय गरी प्रत्येक वर्षको पुष मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पठाउनु पर्ने ।

### १.२ संघ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने :

संघीय सरकारबाट राजस्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान वापत स्थानीय तहलाई आगामी आर्थिक वर्षमा उपलव्ध हुने स्रोतको विवरण फागुन मसान्तभित्र तथा प्रदेश सरकारबाट स्थानीय तहको लागि आगामी आर्थिक वर्षमा प्राप्त हुने वित्तीय अनुदानको अनुमानित विवरण चैत्र मसान्तभित्र प्राप्त गर्ने ।

### १.३ विषय क्षेत्रगत छुट्याउने :

स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरूलाई देहाय अनुसार विषय क्षेत्रगत तोकी कार्यपालिकाका सदस्यहरूलाई विषय क्षेत्रगत जिम्मेवारी दिने ।

- आर्थिक विकास
- सामाजिक विकास
- पूर्वाधार विकास
- वन, वातावरण तथा विपद् व्यवस्थापन

- योजना तथा अनुगमन
- सुशासन तथा संस्थागत विकास

## बजेट पूर्व तयारी चरणमा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरण कसरी गर्ने ?

- आफ्नो नगरपालिका तथा गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको वास्तविक खण्डीकृत तथ्यांक संकलन र अद्यावधिक गरी सेवा सुविधाको अवस्था, सम्भावना, अवसर तथा मानव स्रोतसाधनको नक्शांकन आदि गर्ने ।
- लैससास मूलप्रवाहीकरणको नीति, उद्देश्य, कार्यक्रम, स्रोत संकलन, सम्बन्धित विषयगत निकायहरूको भूमिका, जनताको आवश्यकता, गाउँपालिका वा नगरपालिका स्तरमा दिगो विकास लक्ष्य तथा लैससास मूलप्रवाहीकरण बारे अध्ययन, विश्लेषण र छलफल गर्ने ।

## २. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

नेपाल सरकारले तयार पारेको स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (परिमार्जित) ले स्थानीय तहको योजना तथा बजेट तर्जूमामा महत्वपूर्ण भूमिका खेल्ने केही समितिहरूको व्यवस्था गरेको छ । त्यस्ता समितिहरूमा राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जूमा समिति र विषयगत समितिहरु रहेका छन् ।

### २.१ स्थानीय राजस्व परामर्श समिति :

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनको अधीनमा रही स्थानीय सरकारले आफ्नो कार्य क्षेत्रभित्र परिचालन गर्नसक्ने राजस्वका स्रोत, दायरा र दरसमेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि गाउँ/नगरपालिकाका उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा सात सदस्यीय एक स्थानीय राजस्व परामर्श समिति गठन हुने ।
- यस समितिमा अन्य सदस्यहरूका साथै गाउँ/नगरपालिकाले तोकेका एक महिलासहित दुईजना सदस्य रहने व्यवस्था गरेकाले दलित, महिला जनप्रतिनिधिले सो अवसर लिनसकेमा आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्नसक्ने राजस्वका स्रोत, दायरा र दरसमेतको ज्ञान हुने र विश्लेषण क्षमता अभिवृद्धि हुने देखिन्छ ।

### २.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति :

- गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुखको संयोजकत्वमा गठन हुने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मुख्य भूमिका स्थानीय तहमा प्राप्त हुनसक्ने कूल आय के-कति हो र सोको सन्तुलित वितरण कसरी गर्न सकिन्छ भन्ने खाका तय गर्नु हो । विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने भूमिका पनि यसै समितिमा रहेको छ ।
- कूल सात सदस्यीय यस समितिमा अन्य सदस्यहरूका साथै अध्यक्ष/प्रमुखले कार्यपालिकाका सदस्यहरूमध्ये बाट तोकेका महिला, दलित वा अल्पसङ्ख्यकबाट प्रतिनिधित्व हुनेगरी तीनजना सदस्य रहनसक्ने व्यवस्था गरेको छ । दलित महिला जनप्रतिनिधिले सो अवसर लिनसकेमा विषय क्षेत्रगत सीमा निर्धारण र बजेटको

सन्तुलित वितरण गर्दा आफूले प्रतिनिधित्व गर्ने क्षेत्रका लागि तुलनात्मक रूपमा उपयुक्त बजेट छुट्याउन तथा प्राथमिकीकरणमा आफूले प्रतिनिधित्व गर्ने क्षेत्रलाई नछुटाउन महत्वपूर्ण भूमिका खेल्नसक्ने सम्भावना रहन्छ ।

## २.३ बजेट सीमा निर्धारण गर्ने विधि :

बजेट सीमाको निर्धारण गर्दा देहाय बमोजिमको प्राथमिकताको आधारमा गर्नुपर्नेछ :

(क) गाउँपालिका वा नगरपालिका स्तरका गौरवका आयोजनाहरूको लागि आवश्यक रकम,

(ख) समपूरक कोष आवश्यक पर्ने आयोजनाको लागि चाहिने रकम,

(ग) सशर्त अनुदानको कार्यक्रमको लागि तोकिएको रकम,

(घ) दिगो विकासका लक्ष्यलगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका लागि आवश्यक पर्ने रकम,

(ङ) स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाउँपालिका र नगरपालिका आफैंले गर्नुपर्ने अन्य अत्यावश्यक कार्यहरू,

(च) माथिका क्षेत्रलाई आवश्यक रकम विनियोजन गरिसकेपछि मात्र बाँकी रकम जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पूर्वाधार विकासको अवस्था, विकास लागत, राजस्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्था जस्ता विषयलाई आधार मानी वडागत खर्चको आवश्यकता र औचित्यताको आधारमा वडागत बजेट सीमा निर्धारण गर्नुपर्नेछ । तर वडामा दामासाहीले बजेट विनियोजन गर्न पाइने छैन ।

(छ) बजेट सीमा निर्धारण गर्दा स्थानीय तहमा रहेको सामाजिक तथा साँस्कृतिक विविधतालाई आधार मानी यस्ता क्षेत्रको सशक्तिकरणको लागि आवश्यक पर्ने रकमको सीमासमेत निर्धारण गर्नुपर्नेछ ।

(ज) गाउँ वा नगरपालिकाको कूल बजेट सीमाबाट तलब, भत्ता तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने बजेट छुट्याई अन्य कार्यक्रमको लागि बजेट सीमा निर्धारण गर्नुपर्नेछ । यसरी प्रशासनिक खर्चको लागि बजेट सीमा निर्धारण गर्दा राजस्व बाँडफाँडबाट प्राप्त रकम र आन्तरिक आयको रकमभन्दा बढी नहुने गरी गर्नुपर्नेछ ।

## २.४ आयोजना प्राथमिकीकरणका आधार :

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्नुका अतिरिक्त अनुसूची ३ मा उल्लिखित ढाँचा अनुरूप आयोजना प्राथमिकीकरणका आधारहरू तय गर्नुपर्नेछ। वडा एवं गाउँपालिका तथा नगरपालिकास्तरमा आयोजना प्राथमिकीकरण गर्दा यसै अनुसूची ३ बमोजिम गर्नुपर्नेछ ।

## स्रोत, अनुमान तथा बजेट सीमा निर्धारणको चरणमा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरण कसरी गर्ने ?

- स्थानीय तहमा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको

प्रक्षेपण तथा बजेट सीमा निर्धारण गर्न स्रोत, अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने र महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको प्रतिनिधित्व उक्त समितिमा गर्ने, गराउने- बैशाख १० गतेभित्र ।

- स्रोत, अनुमान तथा बजेट सीमा निर्धारण गर्दा स्थानीय तहको लैङ्गिक, सामाजिक र साँस्कृतिक पक्षहरूलाई आधार मानी यी क्षेत्रहरूको विकास एवं सशक्तिकरणको लागि पनि आवश्यक बजेटको सीमा निर्धारण गर्ने-बैशाख १० गतेभित्र ।
- दिगो विकास लक्ष्य (१७ वटा) अन्तर्गतको लक्ष्य नं. २ को भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने लक्ष्यका निम्न कार्यमा विशेष ध्यान दिने :
  - आदिवासी पहिचान/हैसियत अनुसार सानास्तरका खाद्यन्न उत्पादकहरु (२.३.२)
- दिगो विकास लक्ष्य अन्तर्गतको लक्ष्य नं. ५ को लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकाहरूलाई सशक्त बनाउने लक्ष्यका निम्न कार्यहरुमा विशेष ध्यान दिने :
  - महिला, किशोरी र बालिका विरुद्ध हुने सबै प्रकारका भेद्भावको अन्त्य गर्ने,
  - मानव बेचविखन र यौनलगायत अन्य शोषणसहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने,
  - बालविवाह, कलिलो उमेरमा गरिने विवाह, जबर्जस्ती विवाह तथा अन्य घातक प्रचलनहरूको उन्मूलन गर्ने,
  - सार्वजनिक सेवा, पूर्वाधार र सामाजिक सुरक्षा नीति तथा घर-परिवारभित्रको साझा जिम्मेवारी प्रवर्द्धन गरी हरेक देश अनुसारको बेतलबी तथा घरेलु श्रमको मूल्य पहिचान गर्ने,
  - राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाहरूको पूर्ण प्रभावकारी नेतृत्व सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने,
  - जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन र बेइजिङ कार्य योजना तथा तिनको समीक्षा भेलाका निष्कर्ष र त्यससम्बन्धी दस्तावेज बमोजिम यौन र प्रजनन् स्वास्थ्यको विश्वव्यापी पहुँच सुनिश्चित गर्ने
- त्यस्तै लक्ष्य नं. १० को असमानता हटाउने लक्ष्यका निम्न कार्यमा विशेष ध्यान दिने :
  - जात, जाति, उद्गम, धर्म वा आर्थिक वा अन्य अवस्था जे भए पनि सबै जनताको सामाजिक आर्थिक र राजनैतिक समावेशीतालाई सशक्त बनाउने र प्रवर्द्धन गर्ने (१०.२)
- त्यस्तै लक्ष्य नं. ११ को शहरहरु एवं मानव वस्तीहरुलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने लक्ष्यका निम्न कार्यमा विशेष ध्यान दिने :
  - साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुलाई संरक्षण तथा सुरक्षण दिने प्रयास तथा प्रयत्नहरुलाई सुदृढ/प्रभावकारी बनाउने (११.४)
- लक्ष्य नं. १६ को दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरुको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरुमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरुको स्थापना गर्ने लक्ष्यका निम्न कार्यमा विशेष ध्यान दिने :
  - सबै तहहरुमा उत्तरदायी, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक नीति निर्माण सुनिश्चित गर्ने (१६.७)

(क) महिलाहरूलाई भूमि तथा अन्य सम्पत्ति, वित्तीय सेवा, उत्तराधिकार र प्राकृतिक स्रोतहरूमा पहुँच र नियन्त्रणसहित आर्थिक स्रोतहरूमा पहुँच र नियन्त्रणसहित आर्थिक स्रोतहरूमा समान अधिकार प्रदान गर्न राष्ट्रिय कानून अनुसार सुधारका कदमहरू चाल्ने,

(ख) महिला सशक्तिकरण प्रवर्द्धन गर्न सहयोगी हुने प्रविधिहरू खासगरी सूचना र सञ्चार प्रविधिको प्रयोग बढाउने,

(ग) लैङ्गिक समानताको प्रवर्द्धन तथा सबै तहमा महिला, किशोरी र बालबालिकाहरूको सशक्तिकरणका लागि प्रभावकारी नीति अवलम्बन गर्नसकिने कानून तर्जूमा गर्ने ।

## ३. वस्ती तहमा योजना छनौट

वस्ती तहमा योजना छनौट गर्दा निम्नानुसार गर्नुपर्नेछ :

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न वस्ती र टोलको योजना तर्जूमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

(ख) प्रत्येक वडाले वडाभित्रका वस्तीहरूमा योजना तर्जूमाको लागि बैठक हुने दिन, मिति र समय कम्तीमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत जानकारी गराउनु पर्नेछ ।

(ग) वस्ती तहका योजना छनौट गर्दा सो वस्तीभित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पीछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पीछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

(घ) टोल र वस्तीमा हुने योजना तर्जूमा प्रकृयामा टोल/वस्तीभित्रका क्रियाशील सामुदायिक संस्थाहरू (टोल विकास संस्था, आमा समूह, बाल क्लब र सञ्जाल, युवा क्लब, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरू) लाई पनि सहभागी गराउनु पर्नेछ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरूको अधिक सहभागिता हुनेगरी वडा सदस्यको संयोजनमा निर्धारित मिति, समय र स्थानमा उपस्थित भई योजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरूको छनौट गर्नुपर्नेछ । यसरी छनौट भएका योजनाहरूको सूची संयोजकले लिखित रूपमा वडा समितिमा पठाउनु पर्नेछ - बैशाख मसान्तभित्र ।

वस्ती तहका योजना छनौट चरणमा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरण कसरी गर्ने ?

- वस्ती तहका योजना छनौट गर्दा दिगो विकास लक्ष्य तथा लैससास दृष्टिकोणबाट सूचकहरू तयार गरी सो अनुसार योजना छनौट गर्ने ।
- महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको आवश्यकता तथा सरोकारका विषयहरूलाई सम्बोधन गर्ने खालको योजना छान्ने ।
- महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको मूल समस्या (सामाजिक, आर्थिक, साँस्कृतिक मूल्य मान्यता, परम्परागत, सेवा सुविधामा पहुँच वा अवरोध आदि) लाई पहिचान तथा विश्लेषण गरी दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरणलाई ध्यानमा राखी उनीहरूको जीवनस्तर सुधार गर्ने खालको योजना छनौट गर्ने ।

- वस्ती तहका योजना छनौटको लागि फाराम वितरण गर्दा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको पूर्ण सहभागिताको लागि प्रोत्साहन गर्दै प्रतिनिधित्व गराई योजना छनौटमा विशेष स्थान दिने ।
- दलित महिला सदस्यले दलित र महिलाहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरू बनाउन प्रोत्साहन र सहयोग गर्ने, जस अन्तर्गत दलित वा पीछडावर्ग, अल्पसंख्यक आदिको वस्तीका लागि सामाजिक, आर्थिक र भौतिक विकासका योजनाका साथै मानवीय शीप विकासका योजनाहरू जस्तै तालीम, गोष्ठी, शिक्षा, शीप विकास जस्ता योजनाहरू हुन सक्छन् । साथै वस्ती स्तरबाट योजना छनौट गर्दा त्यस्ता योजनाहरूलाई प्राथमिकतामा पार्न पहल गर्ने ।
- महिला सशक्तिकरण र महिलासंग सरोकार भएका योजनाहरूको सहभागिमूलक छलफलबाट योजना पहिचान गरी छान्ने ।
- वस्तीस्तरको योजना तर्जूमा प्रक्रियामा सोही ठाउँमा क्रियाशील सामुदायिक संघसंस्थाहरू बाल क्लब, युवा क्लब, आमा समूह आदि सबैको अर्थपूर्ण सहभागिता गराउने ।
- वस्तीस्तरका लक्षित समूहको अर्थपूर्ण सहभागिता तथा आर्थिक र सामाजिक सशक्तिकरण गर्न महिला पुरुष सम-विकासको लागि योजना छनौट गर्ने ।

## ४. वडा तहमा योजनाको छनौट तथा प्राथमिकीकरण

- ठाउँ-ठाउँका विकासको माग फरक-फरक हुन्छन् । यसैगरी समुदायको माग पनि स्थान अनुसार फरक-फरक हुन सक्छन् । स्थानीय तहमा जनताका आवश्यकता र माग असीमित हुन्छन् । सबै मागलाई स्थानीय तहले एकैपटकमा पूरा गर्नसक्ने अवस्था पनि हुँदैन । तर माग गरिएका योजनाहरूमध्ये पनि कुन योजनाले अधिकाधिक व्यक्तिको माग सम्बोधन हुन्छ वा कुन योजना कम लागतमा बढी प्रतिफल दिने खालका हुन्छन् । ती योजनाहरूकै कार्यान्वयन स्थानीय तहले गर्नुपर्छ । कुन र कस्ता योजनालाई संचालनमा लैजाने कस्ता योजनालाई क्रमशः कार्यान्वयन गर्दै जाने सम्बन्धमा गरिने छनौट भनेकै प्राथमिकीकरण हो ।
- स्रोत, अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरूले वस्ती टोलबाट प्राप्त योजनाहरूमध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरूको छनौट र प्राथमिकता निर्धारणसमेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पेश गर्नुपर्छ ।
- वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरू छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरू वडा समितिको बजेट सीमाभित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने गाउँ/नगरस्तरीय महत्वपूर्ण आयोजनाहरू भएमा वडा समितिले गाउँ तथा नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।
- वडा समितिले आयोजनाहरूको प्राथमिकीकरण गर्दा स्रोत, अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरू बमोजिम गर्नु पर्दछ - जेठ १५ गतेभित्र ।

## वडा तहमा योजना छनौट र प्राथमिकीकरणको चरणमा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरण कसरी गर्ने ?

- वडा तहमा योजना छनौट र प्राथमिकता गर्दा वडा भेला वा बैठक हुने समय, मिति, स्थान र एजेन्डाको सम्पूर्ण वडाबासीलाई पूर्व जानकारी दिने ।
- आफ्नो नपा/गापाको चालू वर्षको बजेट, आगामी वर्षको लागि तयार पारिने बजेट रकम र सीमा, योजना बनाउने र छनौट गर्ने प्रक्रिया र मापदण्ड, यसमा प्रयोग गरिने फाराम, फाराम बुझाउने अन्तिम समय, बुझाउने ठाउँ, उपभोक्ता समिति गठन गर्ने पक्रिया आदि बारे वडाबासीलाई पूर्व जानकारी दिने ।
- वडा भेलामा जातजाति, धर्म, लिङ्ग, बर्ण आदि कुनै भेद्भाव नराखी सबैको अर्थपूर्ण सहभागिता गराउने ।
- कुनै पनि योजना छनौट गर्दा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट र प्राथमिकीकरण गर्ने ।
- आदिवासीका परम्परागत तथा प्रतिनिधिमूलक संस्थाहरु पहिचान गरी उनीहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- दलित तथा महिला सदस्यले दलित र महिलाहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरूलाई वडा समितिबाट प्राथमिकतामा पारी छनौट गर्न लवि, पैरवी र पहलकदमी गर्ने ।
- भाषिक, सामाजिक र साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने योजनाहरू छनौट गर्ने ।

# ५. बजेट तथा कार्यक्रम तर्जूमा

## ५.१ बजेट तथा कार्यक्रम तर्जूमा समितिको गठन :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँ/नगरपालिकाका उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा आठ सदस्यीय बजेट तथा कार्यक्रम तर्जूमा समितिको गठन हुने व्यवस्था रहेको छ। यसको मुख्य भूमिका स्रोत, अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार भएकोआयको प्रक्षेपण र वितरणको खाकामा आधारित भई नेपालको संविधानको धारा २३० बमोजिम स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा गरी पारित गर्नका लागि गाउँ/नगर सभामा पेश गर्ने रहेको छ ।
- यस समितिमा संयोजक र सदस्य-सचिव बाहेक विषयगत क्षेत्र हेर्ने गाउँ/नगर कार्यपालिकाका छ जना सदस्य रहने व्यवस्था छ । दलित, महिला जनप्रतिनिधिले सो अवसर लिन सकेमा आफूले प्रतिनिधित्व गर्ने क्षेत्रका लागि उपयुक्त कार्यक्रम तथा वार्षिक बजेट तर्जूमा गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना रहन्छ ।
- यस समितिले तयार गरेको वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा तोकिए बमोजिमको ढाँचामा अध्यक्ष वा प्रमुखमार्फत कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ - असार ५ गतेभित्र ।

## ५.२ विषयगत योजना प्राथमिकीकरण :

- बजेट तथा कार्यक्रम तर्जूमा समितिले वडाबाट प्राप्त योजनाहरूलाई स्थानीय तहको आवधिक योजना, क्षेत्रगत नीतिहरू तथा स्रोत, अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आयोजना

प्राथमिकीकरण आधार तथा मार्गदर्शन बमोजिम योजनाहरूलाई विषयगत समितिहरूमा छलफल गराई विषयगत रूपमा प्राथमिकीकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

- विषयगत समितिमा सम्बन्धित विषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य-संयोजक, कार्यपालिकाले तोकेका कम्तीमा एकजना महिलासहित दुई जना कार्यपालिकाका सदस्य-सदस्य र सम्बन्धित विभाग वा महाशाखा वा शाखा प्रमुख - सदस्य-सचिव रहने व्यवस्था छ ।
- सम्बन्धित विषयगत क्षेत्रमा एकभन्दा बढी शाखाहरू रहेको अवस्थामा कार्यपालिकाले कुनै एकजना शाखा प्रमुखलाई सदस्य-सचिव तोकी अन्य शाखा प्रमुखहरूलाई सदस्यको रूपमा सहभागी गराउनु पर्नेछ ।

## बजेट तथा कार्यक्रम तर्जूमाको चरणमा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरण कसरी गर्ने ?

- बजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गर्ने र महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको प्रतिनिधित्व एवं सहभागिता उक्त समितिमा गर्ने, गराउने ।
- आदिवासीका परम्परागत तथा प्रतिनिधिमूलक संस्थाहरु पहिचान गरी उनीहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- बजेट तथा कार्यक्रम तर्जूमा प्रक्रियामा राजनीतिक गुटबन्दी, नातावाद, कृपावाद र भ्रष्टाचार जस्ता गलत अभ्यासलाई निरुत्साहित गरी सम्पूर्ण प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउने ।
- दलित तथा महिला सदस्यले दलित र महिलाहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरूलाई मस्यौदा कार्यक्रममा पार्न र पर्याप्त बजेट छुट्याउनका लागि बजेट तथा कार्यक्रम तर्जूमा समितिका सदस्य तथा अन्य सरोकारवालासंग समन्वय, लवी, पैरवी र पहलकदमी गर्ने ।

## ६. गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति

बजेट तथा कार्यक्रम तर्जूमा समितिले पेश गरेको आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम, राजस्व र व्ययको अनुमान (वार्षिक बजेट) गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्नुपर्नेछ - असार १० गतेभित्र ।

## गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृतिको चरणमा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरण कसरी गर्ने ?

- महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यकको योजनालाई प्राथमिकता दिई स्वीकृत गर्न प्रमुख/अध्यक्ष तथा उपप्रमुख वा उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिकाका अन्य सदस्यहरू र कर्मचारीहरूसंग समन्वय र लवी गर्ने ।
- दलित, महिला सदस्यले दलित र महिलाहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरू नछुटून् भनी प्रमुख/अध्यक्ष तथा उपप्रमुख वा उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिकाका अन्य सदस्यहरू र कर्मचारीहरूसंग समन्वय र लवी गर्ने ।

## ७. गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति

### ७.१ बजेट तथा कार्यक्रम प्रस्तुतिः

गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यमार्फत असार १० गतेभित्र गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नुपर्नेछ। वार्षिक बजेट पेश गर्दा गत आर्थिक वर्षको राजस्व र व्यायको यथार्थ विवरण, चालू आर्थिक वर्षको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम, आय व्यायको अनुमानित विवरण र मध्यमकालीन खर्च संरचनासमेतको विवरण खुलाउनु पर्नेछ ।

### ७.२ बजेट तथा कार्यक्रम स्वीकृतिः

(क) गाउँ वा नगरसभामा प्रस्तुत भएको आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम, राजस्व र व्ययको अनुमान (वार्षिक बजेट) सभामा पेश भएको १५ दिनभित्र छलफलको काम सम्पन्न गर्नेगरी कार्यतालीका बनाउनु पर्नेछ ।

(ख) सभामा छलफल सम्पन्न भएपछि सभाले बजेट पारित गर्ने वा सुझावसहित कार्यपालिकामा फिर्ता पठाउन सक्नेछ ।

(ग) सुझावसहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जनसहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारणसहित ५ दिनभित्र पुनः सभामा पेश गर्नुपर्नेछ ।

(घ) कार्यपालिकाबाट पुनः पेश भएको बजेट तथा कार्यक्रम असार मसान्तभित्र सम्बन्धित सभाले पारित गरी सक्नुपर्नेछ ।

(ङ) सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम श्रावण १५ भित्र सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नुपर्नेछ। साथै सम्बन्धित गाउँपालिका वा नगरपालिकाको आफ्नो वेबसाईटमा समेत प्रकाशन गर्नुपर्नेछ।

## गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृतिको चरणमा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरण कसरी गर्ने ?

- स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नको लागि कामको विभाजन, निर्णय प्रक्रिया, स्रोतसाधनमा पहुँच तथा नियन्त्रण आदिमा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिलाई विशेष अवसर दिने ।
- कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्नको लागि सम्बन्धित उपभोक्ता समितिलाई पनि सहभागी गराउने ।
- बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा आइपरेका समस्यालाई निराकरण गर्न पनि सबै सरोकारवालाहरूको समान र विभेद्रहित सहभागिता गराउने ।
- लैससास दृष्टिकोणबाट कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनको लागि सूचकहरू तयार गरी सो अनुसार कार्यान्वयन गराउने ।

- अनुगमन तथा मूल्यांकनमा प्रक्रियामा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको सहभागिता तथा योजनाका प्रतिफलहरू उनीहरूले पाए नपाएको कुरा हेर्ने ।
- कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्दा खण्डीकृत तथ्यांकलाई (disaggregated data) प्रयोग गर्ने ।

## योजना कार्यान्वयन

योजना तथा कार्यक्रम कार्यान्वयनमा गाउँ तथा नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा वडामा वडाध्यक्ष र वडा समितिको महत्वपूर्ण भूमिका रहन्छ । गाउँ तथा नगरपालिकाका अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख र वडा अध्यक्षले आफ्नो क्षेत्रमा अन्य भूमिकाहरूका साथै योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने भूमिकासमेत निर्वाह गर्ने काम, कर्तव्य र अधिकार तोकिदिएको छ । त्यस्तै प्रमुख प्रशासकीय अधिकृतको अध्यक्ष वा प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जूमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने जिम्मेवारी रहेको छ ।

## योजना कार्यान्वयन विधि :

वार्षिक योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (परिमार्जित) अनुसार योजना कार्यान्वयनको प्रक्रियाहरू देहाय अनुसार रहेका छन् ।

- गाउँ वा नगरसभाले पारित गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित गाउँ वा नगर कार्यपालिका प्रमुख वा अध्यक्षले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने ।
- अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग/महाशाखा/शाखा/इकाई प्रमुख र वडा सचिवलाई लिखित रूपमा योजना कार्यान्वयनको जिम्मा दिने ।
- कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले सात दिनभित्र सम्बन्धित विभाग/महाशाखा/शाखा/इकाई प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालीका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
- विभाग/महाशाखा/शाखा/इकाई प्रमुख र वडा सचिवबाट पेश भएको कार्यान्वयन कार्य योजनामा प्राविधिक क्षमता, योजनाको संवेदनशिलता, कार्यान्वयन प्राथमिकीकरण, नगद प्रवाहको अवस्थासमेतका आधारमा कुनै संशोधन गर्नुपर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सुझाव दिन सक्नेछन् । यसरी प्राप्त भएको सुझावसमेतको आधारमा सम्बन्धित निकायले कार्यान्वयन कार्य योजनामा संशोधन गरी पाँच दिनभित्र पुनः पेश गर्ने ।
- सबै विभाग/महाशाखा/शाखा/इकाई प्रमुख र वडा सचिवबाट प्राप्त कार्य योजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकीकृत गरी एकीकृत कार्यान्वयन कार्य योजना कार्यपालिका समक्ष पेश गर्ने ।

- कार्य योजनामा कार्यान्वयनको मोडालिटी, समयसीमा, कार्यान्वयन गर्ने जिम्मेवार निकाय वा पदाधिकारी, अनुगमन तथा मूल्यांकनको मापदण्ड र प्रक्रिया एवं उपलब्धि सूचकहरू पनि उल्लेख गर्ने ।
- योजना कार्यान्वयन गर्नका लागि सार्वजनिक खरिद ऐनको परिधिभित्र रहेर ठेक्कापट्टामार्फत्, उपभोक्ता समितिमार्फत्, करारमार्फत्, अमानतमार्फत् (आफैंले सञ्चालन गर्ने) र गैरसरकारी संस्थामार्फत कुनै एक वा सोभन्दा बढी कार्यान्वयन मोडालिटी अर्थात् ढाँचा वा विधि निर्धारण गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावली २०६४ र स्थानीय तहहरूले संविधान तथा अन्य प्रचलित कानूनको अधिकार क्षेत्रभित्र रही निर्माण गरेका ऐन नियम अनुसार कार्यान्वयन गर्ने ।
- स्थानीय सरकारले आर्थिक वर्ष शुरू भएको एक महिनाभित्र आफ्नो वार्षिक खरिद योजना र गुरूयोजना स्वीकृत गरी सो अनुरूप खरिद कार्यको व्यवस्थापन गर्ने ।
- गैरसरकारी संस्थाहरूले स्थानीय तहमा आफ्नै कार्यक्रमहरू सञ्चालन गर्दा पनि स्थानीय तहसंग स्वीकृति लिएर निकट सहयोग र समन्वयमा रही कार्यक्रमहरू सञ्चालन गर्ने ।
- स्थानीय तहले बृहत् पूर्वाधार निर्माण, विपद् व्यवस्थापन, फोहोरमैला विसर्जन वा प्रशोधन स्थल, पर्यटन प्रवर्द्धनलगायतका आपसी सहयोग आवश्यकपर्ने र अरूलाई पनि असर पर्नसक्ने विभिन्न विषयमा अन्य सम्बद्ध स्थानीय सरकारसंग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछ ।
- उपभोक्ता समिति गठन गर्दा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरणको दृष्टिबाट समावेशी भएको हुनुपर्ने, योजनाका लाभग्राही वर्गमा गरीब, महिला, अनाथ, अपाङ्गता भएको व्यक्ति, एकल महिला तथा बञ्चितीकरणमा परेका समूहहरूलाई समेट्न जोड दिने ।
- योजना सम्पन्न भएपछि सबै सरोकारवालाहरूको सहभागितामा सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गरी योजनामा लागेको खर्च, समय र योगदान गर्ने व्यक्ति वा संस्था तथा सहयोगको प्रकार एवं भएका सिकाइहरू जानकारी गराउनु पर्दछ र उठेका सवालहरूलाई कार्यक्रममै सम्बोधन पनि गर्ने ।
- कार्य सम्पन्न प्रतिवेदन तयार पारेर योजनाको हस्तान्तरण र त्यसको लाभको बाँडफाँडका बारेमा प्रष्ट व्यवस्था गरी सम्बन्धित उपभोक्ता समूह वा लाभान्वित समूहलाई सञ्चालन तथा व्यवस्थापन गर्नका लागि हस्तान्तरण गर्न सकिन्छ ।
- संघ तथा प्रदेश सरकारबाट स्थानीय सरकारमार्फत् सञ्चालन गर्ने सशर्त, विशेष र समपूरक अनुदानका आयोजनाहरूको कार्यान्वयन चाहिं सम्बन्धित तहबाट प्राप्त मार्गदर्शन बमोजिम नै हुन्छ ।
- स्थानीय सरकारबाट सञ्चालित योजनाको भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन, रनिङ बील, आवश्यक बील भर्पाई, सार्वजनिक परीक्षण प्रतिवेदन र नियमानुसार पेश गर्नुपर्ने अन्य आवश्यक कागजातको आधारमा भुक्तानी गर्नु पर्दछ ।
- योजना कार्यान्वयन प्रक्रियालाई स्थानीय तहका दलित, महिला जनप्रतिनिधिहरूले राम्रोसंग बुझेर आफूले योगदान गर्नसक्ने कुराहरूमा योगदान दिन सदैव तत्पर रहनु पर्दछ ।

## योजना अनुगमन तथा सुपरिवेक्षण

### अनुगमन तथा सुपरिवेक्षण समितिको गठन :

स्थानीय योजना तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि अपरिहार्य रहेको स्थानीय योजनाको अनुगमन तथा सुपरिवेक्षण कार्यमा पनि स्थानीय तहका दलित, महिला जनप्रतिनिधिहरूले आफ्नो भूमिका खेल्नुपर्ने हुन्छ । यसका लागि स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (परिमार्जित) को बुँदा नं. ६.२ अनुसार देहाय बमोजिमको एक अनुगमन तथा सुपरिवेक्षण समिति गठन हुन्छ ।

(क) उपाध्यक्ष वा उपप्रमुख - संयोजक,

(ख) अध्यक्ष वा प्रमुखले तोकेका एकजना महिलासहित कार्यपालिकाका सदस्यहरूमध्येबाट दुईजना - सदस्य,

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) प्रमुख, योजना विभाग/महाशाखा/शाखा/एकाई - सदस्य-सचिव

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

### अनुगमन तथा सुपरिवेक्षण विधिः

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्य योजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्य योजना बनाई कार्यान्वयन गर्नुपर्नेछ ।
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नुपर्नेछ ।
- कार्यपालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन समेतको आधारमा योजना कार्यान्वयनमा देखिएका त्रुटिहरू सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनुपर्नेछ । अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ ।

### वडास्तरीय अनुगमन समिति :

आफ्नो वडाभित्र सञ्चालित योजनाको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नुपर्नेछ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरू - सदस्य

(ग) वडा सचिव - सदस्य-सचिव

उक्त समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिले अनुगमन गर्दा देखिएका विषयका सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण समितिलाई नियमित रूपमा जानकारी गराउनु पर्नेछ ।

## योजनाको प्रभाव मूल्यांकन :

- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (परिमार्जित) ले गाउँपालिका वा नगरपालिकामा ठूलास्तरका योजनाहरू सञ्चालन गर्दा प्रभाव मूल्याङ्कनसमेत गर्नुपर्ने व्यवस्था गरेको छ । यस अन्तर्गत गाउँपालिकाले ५ करोड, नगरपालिकाले १० करोड तथा उप-महानगरपालिका र महानगरपालिकाले २५ करोडभन्दा बढी लागतका आयोजना सम्पन्न गरेको भए त्यस्ता योजना सम्पन्न भएको दुई वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्यांकन गराउनु पर्ने उल्लेख छ ।
- योजना शुरू भएपछि सम्पन्न हुनुभन्दा पहिले नै अर्थात् कार्यान्वयनको चरणमै अनुगमन कार्य पनि शुरू हुन्छ ।
- मूल्याङ्कन चाहिं योजना तथा कार्यक्रम सम्पन्न भइसकेपछि गरिने कार्य हो ।

## अनुगमन गर्दा मूलतः ध्यान दिनुपर्ने कुराहरूः

- योजना तथा कार्यक्रमहरूमा भएको लगानी तथा स्रोतसाधनको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन ?
- कार्यतालीका अनुसार नै क्रियाकलापहरू सूचारू ढङ्गले सञ्चालन भइरहेका छन् वा छैनन् ?
- कुनै व्यवस्थापकीय कमजोरीहरू छन् वा छैनन् ?
- योजना तथा कार्यक्रमहरूका बारेमा स्थानीय बासिन्दा वा सरोकारवालाहरूको दृष्टिकोण के कस्तो रहेको छ ?
- आवश्यक भए समयमै के कस्ता सुधारका उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ?
- अनुगमन कार्य गर्ने समितिहरूमा स्थानीय तहका महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको समावेश छ वा छैन ?
- अनुगमनमा सरिक हुँदा स्थानीय तहका महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको प्रकृयामा अर्थपूर्ण सहभागिता तथा योजनाका प्रतिफलहरू उनीहरूले पाए नपाएको हेर्ने ।
- अनुगमन कार्यका लागि उल्लिखित कुराहरूलाई ध्यान दिई स्थानीय तहले अनुगमन फाराम तयार गरी प्रयोग गर्नु पर्दछ ।

## स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रक्रियाका सात चरणहरुमा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरण कार्यतालीका :

| योजना तर्जूमाका चरणहरू | कार्यहरू | संलग्नता | उत्तरदायी संस्था | समय तालीका | नीतिगत ⁄ कानुनी आधार |
|---|---|---|---|---|---|
| चरण १ : बजेटको पूर्व तयारी | ● आफ्नो नपा. तथा गापा. भित्र बसोवास गर्ने महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको वास्तविक खण्डीकृत तथ्यांक संकलन र अध्यावधिक गरी सेवा सुविधाको अवस्था, सम्भावना, अवसर तथा मानव स्रोतसाधनको नक्शांकन आदि गर्ने ।<br>● लैससास मूल प्रवाहीकरणको नीति, उद्देश्य, कार्यक्रम, स्रोत संकलन, सम्बन्धित विषयगत निकायहरूको भूमिका, जनताको आवश्यकता, गापा. वा नपा. स्तरमा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरणबारे अध्ययन, विश्लेषण र छलफल गर्ने । | महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक, गापा. नपा. नागरिक समाज, गैसस, आमा समूह, स्थानीय युवा, शिक्षक, सामाजिक परिचालक आदि । | स्थानीय तह | पौष मसान्तसम्म<br><br>चैत्र मसान्तसम्म | स्थानीय सरकार सञ्चालन ऐन, २०७४को परिच्छेद् ६ मा स्थानीय सरकारको योजना तर्जूमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| चरण २ : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | ● स्थानीय तहमा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा बजेट सीमा निर्धारण गर्न स्रोत, अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने र महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको प्रतिनिधित्व उक्त समितिमा गर्ने, गराउने ।<br>● स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्दा स्थानीय तहको लैङ्गिक, सामाजिक र साँस्कृतिक पक्षहरूलाई आधार मानी यी क्षेत्रहरूको विकास एवं सशक्तिकरणको लागि पनि आवश्यक बजेटको सीमा निर्धारण गर्ने । | महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक, गापा., नपा. नागरिक समाज, गैसस, आमा समूह, स्थानीय युवा, शिक्षक, सामाजिक परिचालक आदि । | स्थानीय सरकार र स्रोत, अनुमान तथा बजेट सीमा निर्धारण समिति | बैशाख १० गतेभित्र | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद् ६ मा स्थानीय सरकारको योजना तर्जूमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| चरण ३ : वस्ती तहका योजना | ● वस्ती तहका योजना छनौट गर्दा दिगो विकास लक्ष्य तथा लैससास दृष्टिकोणबाट सूचकहरू तयार गरी सो अनुसार योजना छनौट गर्ने ।<br>● महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको आवश्यकता तथा सरोकारका विषयहरूलाई सम्बोधन गर्ने खालको योजना छान्ने ।<br>● महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको मूल समस्या (सामाजिक, आर्थिक, साँस्कृतिक मूल्यमान्यता, परम्परागत, सेवा सुविधामा पहुँच वा अवरोध आदि) लाई पहिचान तथा विश्लेषण गरी दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरणलाई केन्द्रमा राखी उनीहरूको जीवनस्तर सुधार गर्ने खालको योजना छनौट गर्ने । | महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक एवं स्थानीय बासिन्दा, गैसस, नागरिक समाज, उपभोक्ता समूह, सामुदायिक संघसंस्थाहरू, निजी क्षेत्र आदि । | स्थानीय सरकार | बैशाख मसान्तभित्र | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद् ६ मा स्थानीय सरकारको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ● वस्ती तहका योजना छनौटको लागि फाराम वितरण गर्दा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको पूर्ण सहभागिताको लागि प्रोत्साहन गर्दै प्रतिनिधित्व हुनेगरी योजना छनौटमा विशेष स्थान दिने ।<br>● दलित तथा महिला सदस्यले दलित र महिलाहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरू बनाउन प्रोत्साहन र सहयोग गर्ने, जस अन्तर्गत दलित वा पीछडावर्ग, अल्पसंख्यक आदिको वस्तीका लागि सामाजिक, आर्थिक र भौतिक विकासका योजनाका साथै मानवीय शीप विकासका योजनाहरू जस्तै :- तालीम, गोष्ठी शिक्षा, शीप विकास जस्ता योजनाहरू हुन सक्छन् । साथै वस्तीस्तरबाट योजना छनौट गर्दा त्यस्ता योजनाहरूलाई प्राथमिकताका साथ पहल गर्ने । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ● महिला सशक्तिकरण र महिलासंग सरोकार भएका योजनाहरूको सहभागिमूलक छलफलबाट योजना पहिचान गरी छनौट गर्ने ।<br>● वस्तीस्तरको योजना तर्जूमा प्रक्रियामा सोही ठाउँमा क्रियाशील सामुदायिक संघसंस्थाहरू, बाल क्लब, युवा क्लब, आमा समूह आदि सबैको अर्थपूर्ण सहभागिता गराउने ।<br>● वस्तीस्तरका लक्षित समूहका अर्थपूर्ण सहभागिता तथा आर्थिक र सामाजिक सशक्तिकरण गर्न महिला पुरुष सम-विकासको लागि योजना छनौट गर्ने । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| छनौट चरण ४ : वडा चरणमा योजना छनौट र प्राथमिकीकरण । | ● वडा चरणमा योजना छनौट र प्राथमिकता गर्दा वडाभेला वा बैठक हुने मिति, स्थान, समय र एजेन्डाको बारेमा सर्म्पूण वडाबासीलाई पूर्व जानकारी दिने ।<br>● आफ्नो नपा/गापाको चालू वर्षको बजेट, आगामी वर्षको लागि तयार पारिने बजेट रकम र सीमा, योजना बनाउने र छनौट गर्ने प्रक्रिया र मापदण्ड, यसमा प्रयोग गरिने फाराम, फाराम बुझाउने अन्तिम समय, बुझाउने ठाउँ, उपभोक्ता समिति गठन गर्ने पक्रिया आदि बारे वडाबासीलाई पूर्व जानकारी दिने ।<br>● वडाभेलामा जातजाति, धर्म, लिङ्ग, वर्ण आदिमा कुनै भेद्भाव नराखी सबैको अर्थपूर्ण सहभागिता गराउने ।<br>● कुनै पनि योजना छनौट गर्दा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, | महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक एवं स्थानीय बासिन्दा, गैसस, नागरिक समाज, उपभोक्ता समूह, सामुदायिक संघसंस्थाहरू, निजी क्षेत्र आदि । | स्थानीय सरकार | जेठ १५ गतेभित्र | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद् ६ मा स्थानीय सरकारको योजना तर्जूमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | पीछडावर्ग, अल्पसंख्यक आदिलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट र प्राथमिकीकरण गर्ने ।<br>● दलित तथा महिला सदस्यले दलित र महिलाहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरूलाई वडा समितिबाट प्राथमिकतामा पारी छनौट गर्न लवी, पैरवी र पहलकदमी गर्ने ।<br>● भाषिक, सामाजिक र साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने योजनाहरू छनौट गर्ने । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| चरण ५ : बजेट तथा कार्यक्रम तर्जूमा | ● बजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गर्ने र महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिको प्रतिनिधित्व एवं सहभागिता उक्त समितिमा गर्ने, गराउने ।<br>● बजेट तथा कार्यक्रम तर्जूमा प्रक्रियामा राजनीतिक गुटबन्दी, नातावाद, कृपावाद र भ्रष्टाचार जस्ता गलत अभ्यासलाई निरुत्साहित गरी सम्पूर्ण प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउने ।<br>● दलित तथा महिला सदस्यले दलित र महिलाहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरूलाई मस्यौदा कार्यक्रममा पार्न र पर्याप्त बजेट छुट्याउनका लागि बजेट तथा कार्यक्रम तर्जूमा समितिका सदस्य तथा अन्य सरोकारवालासंग समन्वय, लवी, पैरवी र पहलकदमी गर्ने । | स्थानीय सरकार, गाउँ /नगर कार्यपालिका पदाधिकारीहरु, लक्षित समूह,सरोकारवालाहरु स्थानीय सरकार, गाउँ /नगर सभा प्रतिनिधिहरू, बुद्धिजीवी वर्ग, शिक्षक, नागरिक समाज, गैसस, निजी क्षेत्र, विषयविज्ञ, स्थानीय बासिन्दाहरू निजी क्षेत्र आदि । | सरकार, बजेट तथा कार्यक्रम तर्जूमा समिति | असार ५ गतेभित्र | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद् ६ मा स्थानीय सरकारको योजना तथा तर्जूमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| चरण ६: गाउँ/नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत | ● महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यकको योजनालाई प्राथमिकता दिई स्वीकृत गर्न प्रमुख/अध्यक्ष तथा उपप्रमुख वा उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिकाका अन्य सदस्यहरू र कर्मचारीहरूसंग समन्वय र लवी गर्ने ।<br>● दलित तथा महिला सदस्यले दलित र महिलाहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरू नछुटून् भनी प्रमुख/अध्यक्ष तथा उपप्रमुख वा उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिकाका अन्य सदस्यहरू र कर्मचारीहरूसंग समन्वय र लवी गर्ने । | स्थानीय सरकार, गाउँ/नगर कार्यपालिका पदाधिकारीहरु, लक्षित समूह, सरोकारवालाहरु । | स्थानीय सरकार, गाउँ/नगर कार्यपालिका | असार १० गतेभित्र | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले परिच्छेद् ६ मा स्थानीय सरकारको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| चरण ७ : गाउँ तथा नगरसभाबाट बजेट तथा कार्यक्रम स्वीकृत | ● स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नको लागि कामको विभाजन, निर्णय प्रक्रिया, स्रोतसाधनमा पहुँच तथा नियन्त्रण आदिमा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पीछडावर्ग, अल्पसंख्यक आदिलाई विशेष अवसर दिने ।<br>● उपभोक्ता समिति गठन गर्दा दिगो विकास लक्ष्य तथा लैससास मूल प्रवाहीकरणको दृष्टिबाट समावेशी भएको हुनुपर्ने, योजनाका लाभग्राही वर्गमा गरीब, महिला, अनाथ, अपाङ्गता भएको व्यक्ति, एकल महिला तथा बञ्चितीकरणमा परेको समूहहरूलाई समेट्न जोड दिने ।<br>● बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा आइपरेको समस्यालाई निराकरण गर्न पनि सबै सरोकारवालाहरूको समान र विभेद्रहित सहभागिता गराउने । | स्थानीय सरकार, गाउँ/नगर सभा प्रतिनिधिहरू, बुद्धिजीवी वर्ग, शिक्षक, नागरिक समाज, गैसस, निजी क्षेत्र, विषयविज्ञ, स्थानीय बासिन्दाहरू । | स्थानिय सरकार, गाउँ/नगर सभाका प्रतिनिधिहरु । | असार मसान्तभित्र | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद् ६ मा स्थानीय सरकारको योजना तर्जूमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | • लैससास दृष्टिकोणबाट कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनको लागि सूचकहरू तयार गरी सो अनुसार कार्यान्वयन गराउने ।<br>• अनुगमन र मूल्यांकनमा सरिक हुँदा दलित र महिलाको प्रक्रियामा सहभागिता तथा योजनाका प्रतिफलहरू दलित र महिलाहरूले पाए नपाएको कुरा हेर्ने ।<br>• कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्दा आधारभूत खण्डीकृत तथ्यांकलाई (baseline disaggregated data) प्रयोग गर्ने । | | | | |

धन्यवाद ।

# यस पुस्तिकाको बारेमा

यस पुस्तिका नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले विभिन्न दस्तावेजहरुको अध्ययन गरी तयार पारेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जूमा पद्धति, चरण, लैङ्गिक उत्तरदायी बजेट र लैससास मूलप्रवाहीकरणको लागि सहायता पुस्तिकाको रुपमा प्रकाशन गरेको छ। थप जानकारीका लागि उल्लेख गरिएका दस्तावेजहरु पढ्न सकिनेछ ।

# लाहुर्निप परिचय

## पृष्ठभूमि

नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) नेपालमा आदिवासीको मानव अधिकारको क्षेत्रमा कार्य गर्ने कानून व्यवसायीहरुको संस्था हो ।

सामुहिक अधिकारसंग सम्बन्धित मुद्दाहरुमा कानूनी सहायता तथा निःशूल्क कानूनी सहयोगका माध्यमबाट सामाजिक न्याय सुनिश्चितता गराउने उद्देश्यका साथ कानून व्यवसायीहरुको प्रयासमा सन् १९९५ मा लाहुर्निपको स्थापना भएको हो । यसको प्रमुख उद्देश्य नेपालका आदिवासीहरुको मानव अधिकार र मौलिक स्वतन्त्रता प्रवर्द्धन, संरक्षण र प्रतिरक्षा गर्नु रहेको छ ।

**सम्पर्क**
नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, नेपाल
पो.ब.नं. ११११७९
ईमेलः lahurnip.nepal@gmail.com
वेबसाईटः www.lahurnip.org

9 789937 913584